नेपाल इन्स्योरेन्स
नेपालको पहिलो बीमा कम्पनी

क.स.७६/८२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

मिति : २०७९/०८/२९

**विषय :** साधारण सभा बस्ने प्रयोजनार्थ शेयर दाखिला, खारेज बन्द गरिने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७९/०८/२९ गते अपरान्हको ४:०५ बजे बसेको सञ्चालक समितिको निर्णयानुसार कम्पनीको आ.व. ०७८/०७९ को ७४ औं वार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा बस्ने भएको व्यहोरा जानकारीका लागि निर्णयानुसार अनुरोध गर्दै उक्त साधारण सभा बस्ने प्रयोजनार्थ यहि मिति २०७९/०९/०८ गते कम्पनीको शेयर दाखिला, खारेज बन्द हुने व्यहोरा समेत अनुरोध गर्दछु । साथै कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरेको कम्पनीको चुक्ता पूँजी रु १,३७,८९,९५,८०६।- को ८ प्रतिशतका दरले हुने वोनश शेयर रु ११,०३,१९,६६४।- ( एघार करोड तीन लाख उन्नाईस हजार छ सय चौसठ्ठी मात्र) र नगद लाभांश ( वोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ ) ०.४२११ प्रतिशतले हुने रु ५८,०६,२९८।-( अन्ठाउन्न लाख छ हजार दुई सय अन्ठान्नब्बे मात्र) वितरण गर्ने गरी नेपाल बीमा प्राधिकरणबाट स्वीकृति भई आएको हुँदा उक्त प्रस्तावलाई आगामी साधारण सभामा स्वीकृतिका लागि प्रस्तावको रुपमा लैजाने व्यहोरा समेत अनुरोध गर्दछु ।

साधारण सभा बस्ने स्थान ,मिति र समय
स्थान :नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौं ।
मिति : २०७९ साल पौष २२ गते शुक्रवार
सयय : बिहानको ११:०० बजे

संलग्न
१) ७४ औं वार्षिक साधारण सभाको बिषय सुचि थान -२

भवदीय
चन्द्र नाथ उप्रेती
कम्पनी सचिव

बोधार्थ :
१) श्री नेपाल बीमा प्राधिकरण
२) श्री नेपाल धितोपत्र बोर्ड
३) श्री सिडिएस एण्ड क्लियरिङ्ग लि
४) श्री एनआईविएल एस क्यापिटल लि

Ameer Bhawan 1st & 7th Floor, Kamaladi, Ganeshhthan, Kathmandu, Nepal
Post Box : 3623
Toll Free No. : 16600161666
Fax: +977 1 4225446
Tel: 01- 5321353, 5328690, 5320614, 5350463, 5345565/68
Email: nic@nepalinsurance.com.np
Website: www.nepalinsurance.com.np

## ७४ ^औं^ *साधारणसभा हुने स्थान, मिति र समय*

स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौं ।
मिति : २०७९/०९/२२ गते शुक्रवार (ई.स.०६/०१/२०२३ )
समय : बिहानको ११:०० वजे

### *विषय सूची :-*

### (क) सामान्य प्रस्तावहरुः-

१) आ.व. ०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) आ.व.०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर समेत छलफल गरी पारित गर्ने ।

३) कम्पनीको आ.व ०७८/०७९ को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु १,३७,८९,९५,८०६।- को ८ प्रतिशतका दरले हुने रु ११,०३,१९,६६४।- ( एघार करोड तीन लाख उन्नाईस हजार छ सय चौसट्ठी मात्र) बराबरको वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.४२११ प्रतिशतले हुने रु ५८,०६,२९८।-( अन्ठाउन्न लाख छ हजार दुई सय अन्ठान्नब्बे मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४) कम्पनीको आ.व.०७९/०८० को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरिक्षक P.L.Shrestha & Company, Chartered Accountants कानुनत पुनः नियुक्ती हुन सक्नेछ )

### ख) विशेष प्रस्तावहरु :-

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,३७,८९,९५,८०६।- को ८ प्रतिशतका दरले हुने रु ११,०३,१९,६६४।- ( एघार करोड तीन लाख उन्नाईस हजार छ सय चौसट्ठी मात्र) बराबरको वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । ( बोनस शेयर जारी गर्दा हुन आउने दशमलव पछीको अंक (Fraction Share) शेयरलाई नपुग रकम सम्बन्धित शेयरधनीबाट प्राप्त गरी एकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व संस्थापकतर्फ ५१ प्रतिशत र सर्वसाधारण तर्फ ४९ प्रतिशत कायम राख्ने) ।

२) कम्पनीको आ.व. ०७८/०७९ को वोनस शेयर जारी गरे पश्चात कम्पनीको कायम हुने चुक्ता पूँजी रु १,४८,९३,१५,४७० ।- (एक अरव अठ्चालिस करोड त्रियान्नब्बे लाख पन्ध्र हजार चार सय सत्तरी ) तथा बोनस शेयर जारी गर्दा हुन आउने दशमलव पछीको अंक (Fraction Share) शेयरलाई एकमा परिणत गर्दा थप हुने शेयर समेत गरि जम्मा हुने चुक्ता पूजिँ अनुसार कम्पनीको प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३) कम्पनीको ७० औं वार्षिक साधारण सभाको निर्णय बमोजिम निर्जिवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धी बिषयमा निर्णय गर्न सञ्चालक समितिलाई दिईएको सम्पूर्ण अधिकारलाई निरन्तरता प्रदान गर्ने ।

४) संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

## ग) विविध :

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको ७४ औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७९/०९/०८ गते कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०९/०७ गते सम्म कारोवार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउने छन् ।

२. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारणसभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ । सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभाकक्षमा उपस्थित भई दिनुहुन समेत शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहानको १०.०० बजे देखि खुल्ला रहनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

५. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीहरुको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरधनीहरुको सर्वसम्मतिबाट आफूहरु मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछन् ।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले कम्पनीको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा बुझाई सक्नु पर्नेछ । प्रोक्सी फारम यस कम्पनीको वेवसाईट बाट डाउनलोड गर्न सकिने छ ।

७. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पुग्नु पर्नेछ र नयाँ प्रोक्सीको हकमा बुँदा नं (६) मा लेखिए बमोजिम हुनेछ ।

८. शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको सबैभन्दा पहिले प्राप्त भई दर्ता भएको हो माथिको बुँदा नं (७) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ र सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

९. सभा सम्बन्धी अन्य काम कार्यवाही कम्पनी ऐन, २०६३, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ तथा कम्पनीको प्रबन्ध-पत्र र नियमावली बमोजिम हुनेछ ।

१०. अन्य विस्तृत जानकारीको लागि कम्पनीको प्रधान कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।